मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २१९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ११ गते मंगलबार (Tuesday, 25 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

## सरकारी छाप दस्तखत कीर्ते मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं, असार १०।** सरकारी छाप दस्तखत कीर्ते मुद्दाका फरार प्रतिवादी ललितपुर महालक्ष्मी नगरपालिका-८ लुभू चसिडोल बस्ने ३७ वर्षीय विकास राउतलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत काठमाडौंबाट २०६६ पुस २६ गते उक्त मुद्दामा ५ महिना १५ दिन कैद र २५ हजार रूपैयाँ जरिवाना सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले ललितपुर लुभू चसिडोलबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौं बबरमहल पठाइएको प्रहरीले जनाएको छ ।

# झापाका पालिकामा बजेट सार्वजनिक

**झापा, असार १०।** झापाका १४ वटा स्थानीय तहले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बजेट ल्याएका छन् । गौरीगञ्ज गाउँपालिकाले भने नीति तथा कार्यक्रम प्रस्तुत गरे पनि १६ गते मात्रै बजेट ल्याउने भएको हो । अन्य १४ वटा पालिकाले बजेटसहितको नीति कार्यक्रम ल्याएका हुन् ।

नगरपालिकातर्फ सबैभन्दा बढी बजेट मेचीनगरको रहेको छ । मेचीनगरले दुई अर्ब पाँच करोडको बजेट सार्वजनिक गरेको छ भने दमकले एक अर्ब ६२ करोडको बजेट सार्वजनिक गऱ्यो । यता बिर्तामोड नगरपालिकाले एक अर्ब २९ करोड रुपैयाँको बजेट प्रस्तुत गरेको छ ।

गाउँपालिकातर्फ हल्दिवारी गाउँपालिकाले सबैभन्दा बढी बजेट सार्वजनिक गरेको छ । पालिकाले ८४ करोड ८९ लाख बजेट सार्वजनिक गरेको हो । कमल गाउँपालिकाले ७१ करोड ८३ लाख रुपैयाँको बजेट सार्वजनिक गऱ्यो भने कचनकवलले ६६ करोड ३१ लाखको बजेट सार्वजनिक गरेको छ ।

**बाह्रदशी गाउँपालिकाको बजेट ५० करोड**

आर्थिक वर्ष २०८१/०८२ का लागि बाह्रदशी गाउँपालिकाले ५० करोड ४५ लाख ४४ हजार नौ सय ९९ रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ ।

१५ औं गाउँसभामा गाउँपालिका उपाध्यक्ष शान्तादेवी शिवाकोटी खरेलले बजेट प्रस्तुत गरेकी थिइन् । गाउँसभाले स्वीकृत गरेको नीति तथा कार्यक्रमसहित उपाध्यक्ष खरेलले चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेतको बजेट प्रस्तुत गरेकी थिइन् । बाह्रदशी गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाले सहजीकरण गरेका थिए भने उपाध्यक्ष खरेलले पालिकाको आयव्ययको विवरण समेत प्रस्तुत गरेकी थिइन् ।

वडा नम्वर -४ का वडाध्यक्ष महताव आलमले स्वागत गरेको कार्यक्रममा जनप्रतिनिधिहरु जय तिम्सिना, गंगाराम धिताल, मिलन संग्रौला, सम्पतलाल गिरी, युवराज ढकाल, डुककुमारी विक, कल्पना श्रेष्ठ र हेमलाल दाहालले बजेटका विषयमा धारणा राखेका थिए । बाह्रदशी गाउँपालिकामा बेरुजु शून्य पार्ने नीति

**कुन पालिकाको बजेट कति ?**

| स्थानीय तह | बजेट |
|---|---|
| बिर्तामोड नगरपालिका | १ अर्ब २९ करोड |
| भद्रपुर नगरपालिका | ९९ करोड २ लाख |
| मेचीनगर नगरपालिका | २ अर्व ५ करोड |
| कनकाई नगरपालिका | ६९ करोड ७७ लाख |
| अर्जुनधारा नगरपालिका | ८५ करोड ५९ लाख |
| गौरादह नगरपालिका | ८४ करोड ३४ लाख |
| शिवसताक्षी नगरपालिका | ९६ करोड ३६ लाख |
| दमक नगरपालिका | १ अर्ब ६२ करोड |
| कचनकवल गाउँपालिका | ६६ करोड ३१ लाख |
| हल्दिवारी गाउँपालिका | ८४ करोड ८९ लाख |
| बाह्रदशी गाउँपालिका | ५० करोड ४५ लाख |
| झापा गाउँपालिका | ४९ करोड ९० लाख |
| कमल गाउँपालिका | ७१ करोड ८३ लाख |
| गौरीगञ्ज गाउँपालिका | (१६ गते मात्रै सार्वजनिक गरिने) |
| बुद्धशान्ति गाउँपालिका | ६४ करोड ८ लाख |

अवलम्बन गर्दै ल्याइएको नीति तथा कार्यक्रम सहितको बजेटमा कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क, सिकाइ क्रियाकलापलाई समय सापेक्ष बनाउँदै सूचना प्रविधिमैत्री बनाइने, कक्षा १२ सम्म दिवासत्रमा पठनपाठनको व्यवस्था मिलाउने, विद्यालयको भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिँदै विद्युतीय पुस्ताकालय, कम्प्यूटर तथा विज्ञान प्रयोगशाला स्थापनामा प्रथमिकता दिइने भएको छ ।

त्यस्तै उच्च शिक्षा अध्ययन अध्यापन गर्न बाह्रदशी सामुदायिक क्याम्पसको भवन निर्माण र भौतिक पूर्वाधार विकासमा जोड दिइने भएको छ । साथै शिक्षाशास्त्र संकाय सञ्चालनका लागि आवश्यक पहल गरिने भएको छ । शैक्षिक संस्थाहरुको सम्पतिको संरक्षण तथा सम्बर्द्धन गर्न आवश्यक कानून निर्माण गरिने र आधारभूत तहस्तरीय स्थानीय पाठ्यक्रम निर्माण भएकोले यसै आर्थिक वर्षबाट पाठ्यपुस्तक निर्माण गरी अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइने भएको छ ।

स्वास्थ्यतर्फ नेपाल सरकारबाट निःशुल्क वितरणका लागि तोकिएको औषधिहरुको सहज उपलब्धताको सुनिश्चिता गरिने भएको छ । नागरिकको पहुँच सुनिश्चित हुनेगरी गाउँपालिका क्षेत्रभित्र एमबीबीएस चिकित्सक र प्रयोगशाला सेवा, भिडियो एक्स-रे सेवा तथा इसीजी सेवासहितको आधारभूत अस्पताल सञ्चालनको कामलाई थप व्यवस्थित गरिने साथै बाह्रदशी अस्पतालबाट स्वास्थ्य विमा कार्यक्रम यसै आर्थिक वर्षबाट सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

गर्भवती महिलालाई निःशुल्क भिडियो एक्स-रे सेवा, प्रयोगशाला सेवा, नियमित स्वास्थ्य परीक्षण कार्यलाई निरन्तरता दिइनेछ भने वर्थिङ सेन्टरहरुलाई थप गुणस्तरीय र प्रभावकारी तथा सम्पूर्ण लक्षित वर्गको पहुँच हुनेगरी विस्तार गरिनेछ । त्यस्तै महिलाहरुको स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, फिस्टुला, बाँझोपन जस्ता रोगहरुको प्रारम्भिक स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ भने नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज बनाइने भएको छ ।

आयुर्वेद शाखाबाट गाउँपालिका अध्यक्षसँग वडास्तरीय जेष्ठ नागरिक कार्यकम सबै वडामा सञ्चालन गरिने भएको छ । आयुर्वेद शाखामा भएको प्रयोगशालालाई नियमित सञ्चालन गरिने, योग, आयुर्वेद, स्वास्थ जीवनशैलीको माध्यमबाट प्रवर्द्धनात्मक चिकित्सा सञ्चालन गरिने भएको छ ।

कृषि क्षेत्रको विकासका लागि गाउँपालिकाले पकेट क्षेत्रको माध्यमबाट कृषि प्रतिको अभिरुचीमा वृद्धि गर्दै जमिन बाझो राख्ने कार्यलाई निरुत्साहित गर्ने भएको छ । मौसमी तथा बेमौसमी तरकारी खेती, उन्नत धान, मकै, तेलहन, आलुखेती लयायतका नगदे बालीहरुको विकासमा जोड दिइने भएको छ । पशु स्वास्थ्य सुधारका कार्यक्रम, नश्ल सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइने भएको छ । कृषक सुचीकरण थप प्रभावकारी बनाउन कृषि पशुपंक्षि तथा मत्स्य सम्बन्धि तथ्याङ्क अध्यावधिक कार्यकम गरिने गाउँपालिकाले ल्याएको नीति तथा कार्यक्रममा उल्लेख छ ।त्यस्तै कृषिमा आधुनिकीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि आधुनिक कृषि प्रणली अन्तर्गत आधुनिक प्रविधि तथा यन्त्र उपकरण वितरण कार्यलाई निरन्तरता दिइने भएको छ ।

गाउँपालिकाले न्यून बेरुजु अभियान नै सञ्चालन गर्ने बताइएको छ । हालसम्म देखिएका वेरुजुलाई समेत लागत राख्ने र समयमा बेरुजु फर्स्योट गर्ने कामलाई अघि बढाइने भएको छ । कृषि क्षेत्रको विकासका लागि एक करोड रुपैयाँ बजेट विनियोजना गरेको छ भने पशु विकास कार्यक्रमका लागि ४० लाख विनियोजना गरेको छ। शैक्षिक सुधारका लागि दुई करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

**बिर्तामोडको एक अर्ब २९ करोड**

बिर्तामोड नगरपालिकाले १ अर्ब ३९ करोड ९६ लाख ९१ हजार रुपैयाँको बजेट ल्याएको छ । आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि नगरपालिकाले

(बाँकी अन्तिम पृष्ठमा)

## विपद् व्यवस्थापनका लागि सशस्त्र प्रहरी देशभर तैनाथ



**काठमाडौँ, असार १०।** यसवर्षको मनसुन प्रतिकार्यका लागि सशस्त्र प्रहरीको टोली स्रोतसाधनसहित देशभर तयारी अवस्थामा रहेको छ । सशस्त्र प्रहरी बल नेपालले सबै कार्यालयमा बाढीपहिरो, डुवान एवम् विपदमा परेका बेला तत्कालै उद्धारका लागि मनसुन प्रतिकार्य टोली तयार पारी परिचालन गरिएको जानकारी दिएको हो ।

स्रोतसाधनसहित तैनाथ जनशक्तिले बाढीपहिरो र डुबानका सम्भावित इलाकामा 'हजार्ड म्यापिङ' गरी ती स्थानमा लामो र छोटो गस्ती गर्नुकासाथै देशभरका कार्यालयमा विपद् 'फोकल पर्सन' तोकेको छ । फोकल पर्सनले आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइएको सशस्त्र प्रहरीका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक कुमार न्यौपानेले जानकारी दिए ।

राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपतकालीन सञ्चालन केन्द्रमा तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारी खटाइएको छ । त्यहाँ खटिएका प्रहरीले आवश्यक समन्वय गर्नुका साथै विपद्मा परेकाको तत्कालै उद्धारका लागि ३९ जिल्लाको ५९ वटा सशस्त्र प्रहरीको कार्यालयमा एक सय २० वटा मोटरबोट तथा ऱ्याफ्टबोट तयारी अवस्थामा राखिएको उनले जानकारी दिए । उनका अनुसार ९१ गोताखोरलाई आवश्यक उपकरणसहित सात वटै प्रदेशस्थित बाहिनी मुख्यालय तथा सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, उपत्यकास्थित नं २० विपद् उद्धार गण सिनामङ्गल, नं २४ कालिका गण कास्की, सिन्धुलीको खुर्कोट बेसमा तैनाथ गरिएको छ ।

विपद् व्यवस्थापन तालिमप्राप्त जनशक्तिसहित धनकुटाको मूलघाट, बाराको निजगढ, धादिङको आदमघाट, सिन्धुलीको खुर्कोट, मकवानपुरको कुलेखानी, म्याग्दीको नारच्याङ, दाङको भालुवाङ, सुर्खेतको चिप्ले र डडेलधुराको अमरगढीमा गरी नौ वटा विपद् व्यवस्थापन बेस स्थापना

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोड उद्योग बाणिज्य संघको सदस्यमा बजगाँई




**झापा, असार १० ।** बिर्तामोड उद्योग वाणिज्य संघको कार्यकारिणी सदस्यमा युवा व्यवसायी विश्वेश्वरप्रसाद बजगाँई (विपीन) मनोनित भएका छन् ।

संघको विधान २०७३ को परिच्छेद नं ५ को दफा १३ को उपदफा 'घ' मा व्यवस्था भए अनुसार बजगाँईलाई कार्यकारिणी समिति सदस्यमा मनोनयन गरिएको हो ।

संघका अध्यक्ष राजु न्यौपानेले बजगाँईलाई सदस्यमा मनोनयन गरेका हुन् । बजगाँईलाई संघको सदस्यमा मनोनयन गरिएसँगै समिति २१ सदस्यीय बनेको छ ।

सदस्यमा मनोनयन गरिएका बजगाँई युनिक मेसिनरीका सञ्चालक हुन् । २०५१ सालबाट व्यवसाय शुरु गरेका बजगाँईले युनिक इन्टरप्राइजेज समेत सञ्चालन गरेका छन् । उनी नयाँ उज्यालो सहकारी संस्थाका पूर्व अध्यक्ष समेत हुन् । सफल व्यवसायिका रुपमा परिचित बजगाँई केदार-मनमाया स्मृति प्रतिष्ठानका अध्यक्ष समेत रहेका छन् ।

## प्रहरी निरीक्षक नेम्वाङ सर्वोत्कृष्ट प्रहरी



**बिर्तामोड , असार १०।** प्रहरी निरीक्षक बवीन्द्र नेम्वाङ जेठ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् । प्रदेश प्रहरी कार्यालय विराटनगरले उनलाई जेठ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको हो । उनी कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर प्रादेशिक अनुसन्धान समुहमा कार्यरत छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## बहिनीको हत्या आरोपमा दाजु पक्राउ

**बिर्तामोड, असार १०।** आफ्नै बहिनी २० वर्षीया तेतरीकुमारी रामको हत्या गरेको अभियोगमा उनकै दाइ परोहा नगरपालिका-८ नरकटियाटोल बस्ने २२ वर्षीय दीपन्द्रकुमार रामलाई प्रहरीले पक्राउ गरेको छ ।

दीपन्द्रकुमारले घरायसी विवादको कारण रिसको आवेगमा बाँसको मुङ्ग्रोले प्रहार गर्दा गम्भीर घाइते भएकी तेतरीको वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । उनी उपर ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा जिल्ला अदालत रौतहटबाट म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ ।

## दबाब सहन नसकेर आत्महत्या गरेको आरोप



**भद्रपुर, असार १०।** मेलमिलाप समितिको दबाब सहन नसकेर भद्रपुरमा एक व्यक्तिले आत्महत्या गरेका छन् ।

भद्रपुर नगरपालिका -८ नम्बर वडा कार्यालयमा गठित मेलमिलाप समितिका पदाधिकारीहरूले अविवाहित तथा मानसिक सन्तुलन ठीक नभएकी एक गर्भवतीलाई जबरजस्ती जिम्मा लगाउन खोज्दा भद्रपुर -८ स्थित भद्रशिव मन्दिर नजिकै बसोबास गर्ने ६८ वर्षीय गेल राजवंशीले सोमबार दिउँसो झुण्डिएर आत्महत्या गरेका हुन् ।

मेलमिलाप समितिका पदाधिकारीहरूले सिधासाधा तथा निर्दोष व्यक्तिलाई जबरजस्ती करणी (बलात्कार) आरोपमा फसाउन खोज्दा सहन नसकेर बुबाले आत्महत्या गर्नु परेको छोरा पर्वलाल राजवंशीले आरोप लगाएका छन् ।

बुबालाई आत्महत्या गर्न बाध्य बनाउने मेलमिलाप समितिका पदाधिकारीहरुविरुद्ध जिल्ला प्रहरी कार्यालय झापामा आत्महत्या दुरुत्साहनमा जाहेरी दिने उनले बताए ।

घटना विवरण अनुसार मृतक राजवंशी अरूको जमिनमा खेतीपाती र जनमजदुरी गरी परिवार पाल्दै आएका थिए । गाउँकै सोझा व्यक्तिमा उनी पर्थे । गत असार ४ गते वडा कार्यालयको मेलमिलाप समितिमा उनको नाममा उजुरी परेको थियो ।

विष्ट थरको घरमा बसोबास गर्दै आइरहेकी अविवाहित तथा मानसिक सन्तुलन ठीक नभएकी ३२ वर्षीया महिलालाई बलात्कार गरी गर्भवती बनाएको आरोप लगाएर उनको नाममा उजुरी परेको थियो ।

'उजुरी परेपछि मेलमिलाप समितिका सुरज रेग्मी लगायतले बुबालाई चर्को दबाब दिएर घटना घटाएको भनी स्वीकार गर्न लगाएको थियो,'- छोरा पर्वलालले भने - 'बुबाले आफूले यस्तो काम नगरेको पटक-पटक भन्दा पनि उनीहरु त्यसलाई मान्न तयार भएनन्, उनलाई छुट्टै कोठामा राखेर मानसिक दबाब दिइराखे । परिवार तथा छरछिमेकले समेत उहाँले यस्तो हर्कत गर्न सक्नु हुन्नभन्दा पनि मेलमिलाप समितिले त्यसलाई मान्न चाहेन । त्यो दिनको दबाबपूर्ण छलफल पश्चात् समितिले आइतबार फेरि छलफल बोलायो ।

आइतबारको छलफलमा पनि उनीहरूले एकलौटी ढङ्गबाट राजवंशीलाई दबाब दिइराखे । समितिका मान्छेहरूले अन्ततः सोमबार दिउँसो ३ बजेभित्र महिलालाई जिम्मा लिनु, नत्र प्रहरी कार्यालयमा बलात्कार मुद्दा लगाएर जेल हालिदिने धम्की नै दिएको मृतकका ज्वाइँ शेखरकुमार राजवंशीले बताए । ससुराबाबुले त्यसलाई सहन सक्नु भएन- उनले भने । घरको आँगनमा सुतिरहेको मौका छोपी घर नजिकै खेतको ग्वालीमा गएर झुण्डिनु भयो- ज्वाइँ शेखरकुमारले भने । बिहानदेखि नै परिवारका हामी सबै सदस्य तनावमा थियौं । ३ बजे महिलालाई

(बाँकी अन्तिम पृष्ठमा)

# नेपालले बाङ्गलादेशलाई बिजुली बेच्न कति सहज ?

**बिर्तामोड, असार १०।** दिल्ली र ढाकाबीच गत साता भएका ऊर्जा तथा व्यापारसम्बन्धी द्विपक्षीय समझदारीले नेपालबाट बाङ्लादेशमा जलविद्युत् निर्यात गर्न 'थप सहज हुने' देखिएको विज्ञहरूले बताएका छन् ।

उनीहरूका भनाइमा बाङ्लादेशी प्रधानमन्त्रीले भारत भ्रमण गर्दा दुई देशबीच भएका ऊर्जा व्यापारलाई सहजीकरण गर्नेसम्बन्धी समझदारीले नेपाललाई तेस्रो देशमा बिजुली पठाउन निकै सजिलो बनाउने छ ।

ऊर्जाका लागि सङ्घर्षरत बाङ्लादेशले नेपालबाट बिजुली लैजान केही वर्षदेखि निरन्तर प्रयास गर्दै आएको छ । नेपालले पनि उसलाई बिजुली बेच्ने कोशिस गरिरहेको छ । गत साता बाङ्लादेशी प्रधानमन्त्री शेख हसिनाले भारतको राजकीय भ्रमण गरेकी थिइन् ।

भौगोलिक रूपमा एकअर्कासँग नजोडिएका नेपाल र बाङ्लादेशबीच विद्युत् आदानप्रदानका लागि भारतीय पूर्वाधार प्रयोग गर्नुपर्ने अवस्था छ ।

यद्यपि भारतसहित तीनवटै देश नेपालबाट बाङ्लादेशमा ४० मेगावाट बिजुली पठाउनका लागि एउटा समझदारीमा पुगेको र चाँडै एउटा सम्झौता हुने अधिकारीहरूले बताएका छन् ।



**भारत र बाङ्लादेशबीचको समझदारी**

बाङ्लादेशकी प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा दुई देशबीच दीर्घकालीन महत्व राख्ने कैयौँ मामिलामा समझदारी भएको दुवै देशका विदेश मन्त्रालयले जनाएका छन् । हसिनाको भ्रमणका बेला जारी भएको संयुक्त वक्तव्यमा पनि दुवै देशहरूले 'ऊर्जा सहकार्यलाई निरन्तर विस्तार गर्ने' र 'क्षेत्रीयस्तरको' विद्युत् व्यापार विकासमा सहकार्य गर्ने कुरा उल्लेख छ । हामी हाम्रो ऊर्जा सहकार्य विस्तारलाई जारी राख्ने छौँ र भारत, नेपाल र भुटानमा स्वच्छ ऊर्जा आयोजनाहरूबाट उत्पादित प्रतिस्पर्धात्मक मूल्यको ऊर्जा भारतीय विद्युत् ग्रिडमार्फत विस्तार गर्दै अन्तर-क्षेत्रीय विद्युत् व्यापारको विकास गर्ने छौँ,- संयुक्त प्रेस वक्तव्यमा भनिएको छ ।

संयुक्त पत्रकार सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालबाट भारतको ग्रिड प्रयोग गरेर बाङ्लादेश बिजुली निर्यात गर्ने कुरा ऊर्जा क्षेत्रमा पहिलो 'उपक्षेत्रीय सहयोग'को उदाहरण भएको बताए । बाङ्लादेशको विदेश मन्त्रालयले आफ्नो वेबसाइटमा सार्वजनिक गरेका प्रधानमन्त्रीको भारत भ्रमणका उपलब्धिहरूको सूचीमा पनि भारतको ग्रिड प्रयोग गरेर नेपालबाट ४० मेगावाट बिजुली आयात गर्नेसम्बन्धी समझदारीलाई उल्लेख गरिएको छ ।

**के भन्छन् विज्ञहरू ?**

नेपालको नाम पनि उल्लेख गरी ऊर्जा व्यापार तथा पूर्वाधार विकासमा सहकार्य गर्नेबारे भारत र बाङ्लादेशले समझदारी गरेकाले त्यसले नेपालको बिजुली बाङ्लादेश पठाउन सहजीकरण गर्ने विज्ञहरू बताउँछन् । यद्यपि पहिले भएका कैयौँ यस्ता समझदारीहरू कार्यान्वयन हुन नसकेको भन्दै त्यतातर्फ ध्यान दिन विज्ञहरूले सुझाव दिएका छन् । नेपाल र बाङ्लादेशबीच भएका ऊर्जा व्यापारसम्बन्धी कैयौँ बैठकहरूमा सहभागी भएका भूतपूर्व ऊर्जासचिव दिनेश घिमिरेले दुई देशका नेताहरूबीचको समझदारीले नेपाललाई पनि थप सहज बनाउने बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

## नेपालले ...

उनले भने -नेपाल र बाङ्लादेशबीचको ऊर्जा व्यापारमा भारतले कहिल्यै पनि सहजीकरण नगर्ने भनेको थिएन । कतिपय पूर्वाधार अभावलगायतका कारणले त्यसमा केही प्राविधिक विषय देखापरेका थिए । तर आवश्यक पूर्वाधारहरू समेत बनाउँदै बाङ्लादेशको ऊर्जा आवश्यकतालाई पूर्ति गर्न भारत, नेपाल र भुटानको स्वच्छ ऊर्जा भारतीय ग्रिड प्रयोग गरेर बाङ्लादेश पठाउने कुरा आएको छ । यो एकदमै सकारात्मक कुरा हो र यसले नेपाललाई पनि आगामी वार्ताहरूमा थप सहज बनाउने छ ।

नेपाल विद्युत् प्राधिकरणका भूतपूर्व उपकार्यकारी निर्देशक प्रबल अधिकारीले पनि शेख हसिना र नरेन्द्र मोदीबीचको समभ्कदारीले क्षेत्रीय स्तरमै राम्रो सन्देश गएको बताए । उनले भने - जुन राजनीतिक तहमा शेख हसिना र मोदीका बीचमा जुन कुरा भएको छ - यसले अवश्य पनि उपक्षेत्रीय र क्षेत्रीय तहमा राम्रो सन्देश दिएको छ । अब त्यसलाई कार्यान्वयनमा लानका लागि प्राज्ञसहित तीनवटै देशका राजनीतिज्ञले प्रतिबद्धताका साथ काम गर्न जरुरी छ । उनले नेपालले हरित ऊर्जा उत्पादन तथा त्यसलाई क्षेत्रीय रूपमा विस्तार गर्न सक्ने क्षमता भएकाले समयसीमा तोकेरै आफ्ना लक्ष्यहरू पूरा गर्न लाग्नुपर्ने बताए ।

**सम्झौताको तयारी**

नेपालबाट बाङ्लादेशमा ४० मेगावाट बिजुली पठाउन काठमाण्डौ, दिल्ली र ढाका सहमत भइसकेका छन् । यसै महिनाको दोस्रो साता बाङ्लादेशले नेपालबाट किन्ने बिजुलीको प्रतियुनिट मूल्य स्वीकृत गरेको थियो । त्योसँगै नेपालले तेस्रो मुलुकमा विद्युत् निर्यात गर्न पाउने ढोका खुलेको ऊर्जा अधिकारीहरूले बताएका थिए । ऊर्जा मन्त्रालयका अधिकारीहरूका अनुसार नेपालबाट भारतको बाटो हुँदै बाङ्लादेश पठाउने जलविद्युत्का लागि त्रिदेशीय समभ्कदारी बनिसकेकाले अब केही साताभित्रै सम्झौता हुने सम्भावना छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले भने - अर्को महिनाको पहिलो वा दोस्रो साताभित्रै त्यस्तो सम्झौता हुने सम्भावना छ । तर त्यसका लागि मिति तय भने भइनसकेको उनले बताए ।

अधिकारीहरूले दिएको जानकारी अनुसार नेपालले बाङ्लादेशलाई ऊर्जा व्यापार सम्झौताको मस्यौदा पठाइसकेको छ । तर बाङ्लादेशले त्यसको जवाफ पठाइसकेको छैन । बाङ्लादेशको क्याबिनेट कमिटी अन गभर्नमेन्ट पर्चेज (सीसीजीपी) को बैठकले जुन दोस्रो साता नेपालबाट पाँच वर्षका लागि ४० मेगावाट विद्युत् खरिद गर्ने निर्णय गरेको थियो । क्याबिनेट डिभिजनका सचिव महम्मुदुल हुसेन खानले दिएको जानकारी अनुसार बाङ्लादेशको पावर डेभलप्मेन्ट बोर्ड (बीपीडीपी)ले त्रिपक्षीय सम्झौताअन्तर्गत नेपालबाट विद्युत् खरिद गर्ने छ ।

त्यसका लागि नेपाल विद्युत् प्राधिकरण, भारतको एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन) र बाङ्लादेशको बीपीडीपीबीच विद्युत् आदानप्रदान सम्बन्धी एउटा समभ्कदारी बनिसकेको अधिकारीहरूले बताउँदै आएका छन् । उक्त समभ्कदारीअनुसार नेपालबाट भारतका विद्युतीय पूर्वाधारहरू प्रयोग गरेर बाङ्लादेशसम्म बिजुली पठाइने छ ।

प्रवक्ता सिंहका अनुसार नेपाल र बाङ्लादेशका ऊर्जा सचिवस्तरीय द्विपक्षीय संयन्त्रको बैठकका बेलामा उक्त सम्झौता गर्ने तयारी छ । यही जुन २३ र २४ मा नेपाल र बाङ्लादेशका सहसचिवस्तरीय कार्यसमूह र सचिवस्तरीय संयन्त्रको बैठक तय गरिएको थियो । तर विद्युत् व्यापार सम्झौताका गर्नका लागि उक्त बैठक पनि स्थगित गरिएको थियो ।

नेपाल र बाङ्लादेशले वर्षौंदेखि विद्युत् खरिद बिक्रीका लागि प्रयास गर्दै आएका छन् । तर बाङ्लादेशसँग सीमा नजोडिएको नेपालबाट त्यहाँसम्म बिजुली पुऱ्याउन भारतको बाटो प्रयोग गर्नुपर्ने हुँदा भारतीय सहमतिविना त्यो सम्भव थिएन । गत वर्ष फेब्रुअरीमा भएको एउटा द्विपक्षीय ऊर्जा बैठकमा भारतीय अधिकारीहरू नेपाली बिजुलीलाई भारतीय बाटो र पूर्वाधार प्रयोग गरेर बाङ्लादेश निर्यात गर्न दिन सहमत बनेका थिए ।

भारतको राजस्थानमा भएको दुई देशका सचिवस्तरीय बैठकले गरेको उक्त निर्णयलाई भारतको अधिकारीहरूले वर्षौंको प्रतीक्षापछिको महत्त्वपूर्ण उपलब्धि भनेका थिए । उनीहरूले सोही सहमतिअनुसार गत वर्षायामबाटै ५० मेगावाट विद्युत् बाङ्लादेश पठाउन सकिने बताएका थिए ।

त्यस बेला नेपाल र भारत भारतीय लगानी रहेको ५२ मेगावाट क्षमताको लिखु-४ आयोजनाबाट विद्युत् बाङ्लादेश पठाउन सहमत बनेको बताइएको थियो ।

तर त्यसपछिका चरणबद्ध छलफलहरू पछि अहिले बाङ्लादेशमा त्रिशूली जलविद्युत् आयोजनाबाट २३.२८ र तल्लो मोदी आयोजनाबाट १९.४० मेगावाट विद्युत् बाङ्लादेशलाई बिक्री गर्ने सहमति बनेको बताइएको छ । अधिकारीहरूका अनुसार अब ती आयोजनाबाट असारदेखि कात्तिकसम्म बाङ्लादेशमा बिजुली पठाइने छ । नेपालमा बर्खायाममा बिजुली अधिक उत्पादन हुँदा खेर जाने अवस्था बन्ने गरेको छ ।

नेपाल र भारतबीच बर्खामा भारतले नेपाली जलविद्युत् किन्ने र हिउँदमा अभाव भएका बेला नेपालले भारतीय बिजुली आयात गर्ने सहमति यसअघि नै कायम रहेको छ । नेपालमा चाहिनेभन्दा बढ्ता उत्पादन हुँदासम्म बाङ्लादेशमा बिजुली पठाइरहने नेपाली अधिकारीहरूले बताएका छन् । चालू आर्थिक वर्षको अन्त्यसम्ममा नेपालको ग्रिडमा थप ५०० मेगावाट विद्युत् थप हुने ऊर्जा अधिकारीहरू बताउँछन् । हाल नेपालको जडित क्षमता झन्डै ३,००० मेगावाट छ । गत वर्षदेखि नेपालले आफूकहाँ चाहिनेभन्दा धेरै विद्युत् हुँदा भारतको ऊर्जा बजारमा प्रतिस्पर्धा गरेर त्यहाँ विद्युत् बेचिरहेको छ ।

बजारको मागका आधारमा तय हुने मूल्य उक्त दिनको राति १२ बजेदेखि भोलिपल्ट दिउँसो १२ बजेसम्म लागू हुने गरेको छ । तर बाङ्लादेशलाई भने स्थिर दरमा बिजुली बिक्री गर्ने बताइएको छ । (बीबीसी)

## विपद ...

गरिएको छ ।

तालिम प्राप्त जनशक्तिलाई सातै प्रदेशस्थित वाहिनी मुख्यालय, उपत्यकास्थित नं ९ पशुपतिनाथ वाहिनी मुख्यालय, १० वटा शिक्षालय, सबै गणमा एक/एक प्लाटुन र गुल्म वा सोभन्दा साना युनिटमा एक सेक्सनको दरले आवश्यक स्रोतसाधनसहित तैनाथ गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा सशस्त्र प्रहरी बल नेपाललाई हस्तान्तरण गरिएका आठ वटा 'मासक्याजुल्टी भेहिकल' र आठ वटा ए क्लासका एम्बुलेन्सलाई परिचालन गर्न सक्ने गरी सुनसरी, महोत्तरी, कुलिनटार, पोखरा, रुपन्देही, सुर्खेत, कैलाली र काठमाडौंमा तयारी अवस्थामा राखिएको छ ।

विपद्को समयमा शुद्ध पिउने पानीको अभावलाई पूर्ति गर्न अमेरिकी दूतावासद्वारा निर्मित डिप ट्युबेल काठमाडौंको सात स्थानसहित कास्की, नवलपरासी, बाँके, कैलालीमा तयारी अवस्थामा राखिएका छन् । अमेरिकी दूतावासबाट प्राप्त 'डिजास्टर रिलिफ सिष्टम'का २८ वटा कन्टेनर १३ जिल्लाका १५ वटा सशस्त्र प्रहरी बल कार्यालयमा तयारी अवस्थामा राखिएको जनाइएको छ ।

सशस्त्र प्रहरी बलका कार्यालयमा २४सै घण्टा तैनाथ रहने गरी आवश्यक तयारी गरिएको छ । सशस्त्र प्रहरी बल नेपालका एकाईहरूबाट विपद् प्रतिकार्यका लागि मनसुन अवधिभर कार्य गर्ने गरी ५० वटा टोली विभिन्न स्थानमा परिचालन गरिसकिएको छ । प्रदेशस्थित सात वटै वाहिनी मुख्यालयमा विपद् व्यवस्थापन टोली तयारी अवस्थामा रहेका छन् ।

देशभर रहेका सशस्त्र प्रहरी बलका एकाइमा विपद् प्रतिकार्यमा परिचालन गराउन निश्चित जनशक्ति आवश्यक उपकरणसहित तयारी अवस्थामा राखिएका छन् । जस अनुरुप एक पटकमा २४सै घण्टा रहने गरी पाँच सय ४६ एकाईहरूमा सात हजार चार सय ५५ जनाको जनशक्ति तयारी रहेको सशस्त्र प्रहरीले जानकारी दिएको छ ।

## दवावमा ...

जिम्मा लगाउने समय तोकिएको थियो । ससुराबाबुले साढे १२ बजेतिर नै संसार छाडेर जानुभएछ,- उनले भने -यो आत्महत्या होइन यो हत्या गराइएको हो, समितिका पदाधिकारीहरूलाई कानून बमोजिम कारवाही हुनुपर्छ ।

यता घटना पश्चात् वडा प्रहरी कार्यालय भद्रपुर र जिल्ला प्रहरी कार्यालय झापाको प्रहरी टोली पुग्दा मृतकका परिवारजनले शवलाई उठाउन दिएन । उनीहरूले मेलमिलाप समितिका पदाधिकारीहरूलाई पक्राउ गर्नुपर्छ भन्ने माग राख्दै अवरोध पुऱ्याएका थिए ।

एसपी केसीको आश्वासन पश्चात् उनीहरूले शवलाई कानुनी प्रक्रियामा लैजान दिएका थिए । शवलाई पोस्टमार्टमका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाएको प्रहरीले जनाएको छ । त्यहाँ शवको डिएनएसमेत परीक्षण गरिने बताइएको छ ।

## झापाका ...

नीति तथा कार्यक्रमसहितको बजेट ल्याएको हो । नगरपालिकाको दोस्रो नगरसभाको पाँचौं अधिवेशनमा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेका थिए ।

बजेटको आयमा संघीय समानीकरणबाट २१ करोड २३ लाख, संघीय राजस्व बाँडफाँडबाट १३ करोड ९८ लाख, प्रदेश समानीकरणबाट १ करोड ३७ लाख ३७ हजार, प्रदेश राजस्व बाँडफाँडबाट १ करोड ३४ लाख २० हजार, आन्तरिक स्रोतबाट २० करोड ५० लाख, जग्गा रेजिस्ट्रेसनबाट १२ करोड, संघीय सशर्त चालुबाट २९ करोड ८ लाख ६३ हजार, संघीय सशर्त पुँजीगतबाट ३१ करोड ८० लाख २५ हजार, संघीय विशेष अनुदानबाट ३ करोड, प्रदेश सशर्त चालुबाट ९४ लाख ४६ हजार, प्रदेश पुँजीगत सशर्तबाट १ करोड ४१ लाख, प्रदेश समपूरकबाट १ करोड ३० लाख र जनसहभागिताबाट २ करोड रुपैयाँ प्राप्त हुने नगरको अनुमान रहेको छ ।

बजेट प्रस्तुत गर्नु अघि नगरपालिकाद्वारा आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरिएको थियो । नगरप्रमुख पवित्रा महतरा प्रसाईंले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेकी हुन् । १८६ बुँदामा समेटिएको नगरको नीति तथा कार्यक्रम नगरप्रमुख प्रसाईंले सोमबार सार्वजनिक गरेकी हुन् । चालु आवमा अवलम्बन गरिएका महत्वपूर्ण नीतिहरुलाई निरन्तरता दिँदै पहिलो ५ वर्षे नगर आवधिक योजनाले लिएको उद्देश्य र लक्ष्य, सहस्राब्दी विकास लक्ष्य, राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमहरु र सुखी नेपाली समृद्ध नेपालको भिजन समेतको आधारमा आगामी आवका लागि नीति तथा कार्यक्रम तय गरी प्रस्तुत गरिएको नगरप्रमुख प्रसाईंले बताइन् ।

नीति तथा कार्यक्रममा शिक्षा, राजस्व परिचालन, स्वास्थ्य विकास कार्यक्रम, कृषि विकास, पशुपंक्षी तथा मत्स्यपालन विकास, सहकारी, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता, लक्षित क्षेत्र, न्यायिक निरुपण, पर्यटन क्षेत्र, वन, वातावरण, विपद व्यवस्थापन, उद्योयोग, व्यवसाय, व्यापार, रोजगार, यातायात तथा पूर्वाधार, युवा, खेलकुद तथा कला साहित्य, सुशासन, विज्ञान, प्रविधि, सूचना तथा सञ्चारलगायत क्षेत्रको विकास समेटिएका छन् ।

**अर्जुनधाराको ८५ करोड ५९ लाख**

झापाको अर्जुनधारा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ८५ करोड ५९ लाख १० हजार बजेट विनियोजन गरेको छ ।

नगरसभाको १५ औं अधिवेशनमा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीले उक्त बजेट पेश गरेकी हुन् । नगरपालिकाले समपूरक कोषका लागि २ करोड ५० लाख, साझेदारी कार्यक्रमका लागि १ करोड ८० लाख र वडा समितिले छनोट गरेका वडास्तरीय कार्यक्रमहरु सञ्चालनका लागि ९ करोड ९० लाख विनियोजन गरेको छ ।

त्यस्तै, समपूरक कोष, साझेदारी कोष, प्रस्तावनामा आधारित कार्यक्रम, विपद् व्यवस्थापन कोष, संघसंस्था प्रवर्द्धन कार्यक्रम तथा जहाँ अभर त्यहाँ नगर कार्यक्रम सञ्चालनका लागि २ करोड १५ लाख विनियोजन गरिएको छ ।

नगरसभाले शिक्षा, स्वास्थ्य, आयुर्वेद, सामाजिक विकासका अन्य क्षेत्रहरुमा कार्यक्रम सञ्चालनका लागि ५ करोड ९३ लाख, आर्थिक विकासका क्षेत्रहरु कृषि, पशुपालन तथा पर्यटन क्षेत्रको विकासका लागि लागि २ करोड ५ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमका लागि १ करोड ५० लाख, सुशासन तथा संस्थागत विकाससम्बन्धी कार्यक्रमका लागि ७० लाख तथा भूमि व्यवस्थापन सम्बन्धी कार्यक्रमका लागि ४५ लाख रुपैयाँ विनियोजन गरिएको उल्लेख छ ।

यसैगरी, नगरपालिकाको आन्तरिक प्रशासनिक खर्च तथा सेवा व्यवस्थापनका लागि १२ करोड ५५ लाख रुपैयाँ विनियोजन गरिएको छ । उक्त वार्षिक बजेटका लागि स्रोत व्यवस्थापनतर्फ नेपाल सरकारबाट सशर्त कार्यक्रमबापत ३८ करोड १२ लाख ८० हजार, वित्तीय हस्तान्तरणतर्फ १७ करोड ५ लाख, विशेष अनुदानतर्फ ७० लाख प्राप्त हुने उल्लेख छ ।

यस्तै, समपूरक अनुदानतर्फ १ करोड ४० लाख, राजस्व बाँडफाँडबापत १२ करोड ९५ लाख प्राप्त हुनेछ । त्यस्तै, प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणबापत १ करोड ९ लाख १८ हजार, सवारी कर बाँडफाँडबापत १ करोड ६६ लाख ५० हजार, मालपोत रजिष्ट्रेशन बाँडफाँडबापत ४ करोड ५० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

यसैगरी, सशर्त अनुदान २ करोड ३० लाख ६२ हजार, समपूरक अनुदान १ करोड ३० लाख प्राप्त हुनेछ । नगरपालिकाबाट ८ करोड ५० लाख आन्तरिक आय संकलन गरिने लक्ष्य लिइएको छ ।

**कनकाईको बजेट ६९ करोड ७७ लाख**

झापाको कनकाई नगरपालिकाले नगरको बृहत्तर विकासलाई लक्षित गरी आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम ल्याएको छ । सोमबार १६ औं नगरसभामा नगरपालिकाका उपप्रमुख आशा शर्मा शिवाकोटीले नगरको बृहत्तरहितका लागि आगामी आर्थिक वर्षका लागि १८४ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् । नीति कार्यक्रमसहित नगरपालिकाले ६९ करोड ७७ लाख ८४ हजारको बजेट सार्वजनिक गरेको हो ।

भौतिक पूर्वाधारतर्फ 'हाम्रो विकास हाम्रो हात, जुटौं सबै एक साथ' भन्ने नाराका साथ २७ बुँदे नीति तथा कार्यक्रम रहेको छ । नगरको पूर्वाधार विकास गुरुयोजना अनुसार गरिने, लागत साझेदारीका योजनालाई प्राथमिकता दिइने, गुणस्तरीय र मापदण्ड अनुसारको पूर्वाधार विकासका कार्य गर्ने लगायतका कुरा समेटिएको छ ।

त्यस्तै, सामाजिक विकासतर्फ शिक्षा, युवा तथा खेलकुदतर्फ ३४ बुँदे, स्वास्थ्यतर्फ १३ बुँदे, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग तथा लक्षित वर्गतर्फ आठ बुँदे नीति तथा कार्यक्रम बनाइएको छ । नगरका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई चुस्त दुरुस्त बनाउने, नगर अस्पताललाई सुविधा सम्पन्न बनाइने लगायतका विषयलाई प्राथमिकता दिइएको नगर उपप्रमुख शिवाकोटीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ ।

यस्तै, वन, वातावरण विपद् व्यवस्थापन तथा पर्यटनतर्फ खानेपानी तथा सरसफाई अन्तरगत पाँच बुँदे, वन वातावरण तथा पर्यटनतर्फ ११ बुँदे र विपद् व्यवस्थापनतर्फ ११ बुँदे नीति तथा कार्यक्रम तयार गरिएको छ । ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकका झोला प्रयोगमा निरुत्साहित, एक घर एक विरुवा, एकीकृत विपद् व्यवस्थापन केन्द्र निर्माणका लागि सहयोग समन्वय गरिने नीति कार्यक्रममा उल्लेख छ ।

नगरको सार्वजनिक सेवा, सुशासन तथा संस्थागत क्षमता विकासतर्फ पेपरलेस अवधारणा, जनताको घरदैलोमा जनप्रतिनिधि कार्यक्रम अन्तरगत नगरवासीका गुनासो सुन्ने, गरौं मिलाप नगरौं विलाप भन्ने नाराका साथ न्यायिक समितिमा दर्ता हुने सबै विवाद तथा उजुरीको समाधान गर्ने लगायतका २९ बुँदे नीति तथा कार्यक्रम तय गरिएको छ । आर्थिक विकासतर्फ राजश्व परिचालन २३ बुँदे, कृषि तथा पशुपालनमा १६ बुँदे र उद्योग, वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्रतर्फ ७ बुँदे नीति तथा कार्यक्रम नगरले निर्माण गरेको छ ।

नगरसभामा कनकाई वडा नं. १ का अध्यक्ष सुशील पोखरेल, २ का वडाध्यक्ष बलराम राई (प्रताप) र ८ नं. वडाका वडाध्यक्ष लीलाबहादुर कटुवालले नीति तथा कार्यक्रममा सुझाव दिएका थिए ।

सभाध्यक्ष नगरप्रमुख राजेन्द्र पोखरेलले सभासदहरुले उठाएका सवाल र सुझावहरुलाई नीति तथा कार्यक्रममा समेटिने बताए । आएका सुझावलाई समावेश र संशोधन गरे जान्छौं -उनले भने -म प्रतिबद्धता जनाउँछु ।

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत सुरज प्रधान, वडाध्यक्ष, वडासदस्य, कार्यपालिका सदस्यहरुको लगायतको उपस्थितिले नगरसभाले आगामी वर्षको नीति तथा कार्यक्रमलाई संशोधनसहित पास गरेको छ ।

**बुद्धशान्तिको ६४ करोड ८ लाख**

बुद्धशान्ति गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको १४ औं गाउँसभा अन्तर्गत बजेट अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष भवानीप्रसाद खतिवडाले आगामी आर्थिक बर्षका लागि बजेट सार्वजनिक गरेका थिए । गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको अध्यक्षतामा बसेको सभामा उपाध्यक्ष खतिवडाले आगामी आर्थिक वर्षका लागि ६४ करोड ६४ करोड ८ लाख ३२ हजार रुपैयाँ बराबरको अनुमानित बजेट सार्वजनिक गरेका थिए ।

आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकालाई वित्तीय हस्तान्तरण बापत नेपाल सरकारबाट वित्तीय समानीकरणतर्फ प्राप्त हुने जम्मा १३ करोड ९३ लाख, राजश्व बाँडफाँड १० करोड ३० लाख, सशर्त अनुदानतर्फ २४ करोड ९६ लाख ५ हजार, समपूरक अनुदान १ करोड र विशेष अनुदान ८५ लाख प्राप्त हुने अनुमान रहेको उपाध्यक्ष खतिवडाले बताए । त्यस्तै, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरणतर्फ ८८ लाख ६ हजार, राजश्व बाँडफाँड ५५ लाख ७६ हजार, सशर्त अनुदानतर्फ प्राप्त हुने १ करोड ५७ लाख ५१ हजार, समपूरक अनुदान १ करोड प्राप्त हुने अनुमान रहेको उनको भनाइ छ । आन्तरिक श्रोततर्फ ५ करोड ९ लाख, स्थानीय राजश्व बाँडफाँडतर्फ ३ करोड ९३ लाख ९४ हजार गरी आम्दानीतर्फ कूल रु ६४ करोड ८ लाख ३२ हजार रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरिएको हो ।

**हल्दिवारीको ४८ करोड ८५ लाख**

हल्दिवारी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ४८ करोड ८९ लाख रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ । गाउँपालिकाको नीति तथा कार्यक्रमसहित आर्थिक वर्ष २०८१-०८२ को बजेट गाउँसभाले सर्वसम्मत स्वीकृत गरेको छ । उपाध्यक्ष लक्ष्मीदेवी मैनालीद्वारा प्रस्तुत नीति तथा कार्यक्रम तथा वार्षिक आयव्यय समेटिएको बजेट गाउँसभाले अनुमोदन गरेको हो ।

हल्दीवारी गाउँपालिका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देनको अध्यक्षतामा शुरु भएको १७ औं गाउँसभामा प्रदेशसभा सदस्य छविलाल चुडाल, वडा नम्बर २ का अध्यक्ष शुक्लाल राजवंशी, वडा नम्बर ३ का अध्यक्ष विष्णुप्रसाद ओली र कार्यपालिका सदस्य शान्ता शिवाकोटीले बोलेका थिए ।

आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमका लागि ४८ करोड ८९ लाख ४० हजार रुपैयाँ बराबरको अनुमानित बजेट ल्याएको छ । चालू आर्थिक २०८०/०८१ मा वर्षमा ४८ करोड ६९ लाख १० हजार ३२३ रुपैयाँ ७४ पैसाको बजेट रहेकोमा आगामी आर्थिक वर्ष २० लाख २९ हजार ६७६ रुपैयाँ २६ पैसा बढाएर अनुमानित बजेट ल्याएको हो ।

**झापाको ४५ करोड ९० लाख**

झापा गाउँपालिकाको नीति तथा कार्यक्रमसहित आर्थिक वर्ष २०८१-०८२ को बजेट गाउँ सभाले सर्वसम्मत स्वीकृत गरेको छ । पालिका कावा अध्यक्ष अञ्जुदेवी थपलियाद्वारा प्रस्तुत नीति तथा कार्यक्रम तथा वार्षिक आयव्यय समेटिएको बजेट गाउँसभाले अनुमोदन गरेको हो ।

आगामी आर्थिक वर्ष २०८१- ०८२ को नीति तथा कार्यक्रमका लागि ४९ करोड ४३ लाख ५ हजार रुपैयाँ बराबरको अनुमानित बजेट ल्याएको छ । १६ औं गाउँसभाले स्वीकृत गरेको नीति तथा कार्यक्रममा कार्यवाहक अध्यक्ष थपलियाले चालू आर्थिक वर्षको भन्दा कम बजेट प्रस्तुत गरेकी हुन् ।

चालू आर्थिक २०८० - ०८१ मा वर्षमा ४९ करोड ९० लाख १७ हजार २ सय रुपैयाँ बजेट रहेकोमा आगामी आर्थिक वर्ष ४७ लाख १२ हजार २ सय घटाएर अनुमानित बजेट ल्याएको हो ।

आगामी अनुमानित बजेटमा आर्थिक विकासतर्फ १ करोड ८४ लाख, सामाजिक विकासतर्फ ५ करोड ७४ लाख २० हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ २१ लाख, संस्थागत विकास - सेवा प्रवाह/सूचना प्रविधि विकास तथा कार्यालय सञ्चालनतर्फ ५५ लाख र पूर्वाधार विकासतर्फ १० करोड २८ लाख, संघीय सशर्त अनुदान २१ करोड ७३ लाख , संघीयता समपूरक अनुदान ७६ लाख, प्रदेश सशर्त अनुदान ६२ लाख ८५ हजार र प्रदेश समपूरक अनुदान १ करोड ९१ करोड ४३ लाख ५ हजार रुपैयाँ बराबरको अनुमानित बजेट कार्यवाहक अध्यक्ष थपलियाले प्रस्तुत गरेकी हुन् ।

पालिकाले ल्याएको अनुमानित बजेट खर्च व्यहोर्ने श्रोतमध्ये आन्तरिक आय १ करोड ५० लाख, राजश्व बाँडफाँडतर्फ संघबाट १० करोड ३९ लाख, प्रदेशबाट ४४ लाख ७९ हजार, घरजग्गा रजिस्ट्रेशन दस्तुर ५० लाख, संघीय सशर्त अनुदान २१ करोड ७३ लाख , संघीय समानीकरण अनुदान ११ करोड ७४ लाख, प्रदेश समानीकरण अनुदान ७३ लाख ७९ हजार , संघीय समपूरक अनुदान ७६ लाख, प्रदेश सशर्त अनुदान ६२ लाख ८५ हजार , र प्रदेश समपूरक अनुदान १ करोड रहेको छ ।

**दमकको १ अर्ब ६२ करोड**

आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि झापाको दोस्रो पुरानो नगरपालिकाको रुपमा रहेको दमकले एक अर्ब ६२ करोड ७७ लाख ५८ हजार रुपैयाँ बराबरको बजेट पेश गरेको छ ।

नगरपालिकाको १५ औं नगरसभामा उपप्रमुख रेगिना भट्टराई प्रसाईंले एक अर्ब ६२ करोड ७७ लाख ५८ हजार रुपैयाँ बराबरको बजेट पेश गरेकी हुन् । सो बजेट चालू आर्थिक वर्ष २०८०-०८१ को तुलनामा ८.७२ प्रतिशतले बढी हो । उपप्रमुख प्रसाईंले वार्षिक नीति कार्यक्रमसहितको बजेट प्रस्तुत गरेको कार्यक्रममा नगर प्रमुख रामकुमार थापाले नगर सभाको अध्यक्षता गरेका थिए ।

नगर प्रमुख थापाले नेपाल सरकारबाट दमक नगरलाई प्राप्त हुनुपर्ने अनुदान रकममा भएको कटौती, आन्तरिक स्रोतबाट समेत अपेक्षाकृत राजश्व सङ्कलन गर्न नसकिएको स्वीकार गरेका छन् । उनले प्रविधिमैत्रीसहितको सुशासनको नीति अख्तियार गरिने उल्लेख गर्दै पूर्वाधार विकास र गुणस्तरीय शिक्षामा नागरिकको पहुँच अभिवृद्धि गर्ने प्रतिबद्धता जनाएका छन् ।

**कमलको ७१ करोड ८३ लाख ८४ हजार**

'समृद्ध कमल हाम्रो सरोकार' भन्ने मूल नाराका साथ कमल गाउँपालिकालाई सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प सहित वार्षिक नीति तथा कार्यक्रम पेश गरिएको थियो ।

गाउँपालिकाको विकास र समृद्धिको लागि राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय तथा दिगो विकास सहितको पूर्वाधार निर्माण गर्न स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी तथा दिगो स्थानीय आर्थिक विकासमार्फत समृद्ध गाउँपालिकाको लक्ष्य हासिल गर्ने नीति तथा कार्यक्रम पेश गरिएको छ ।

त्यसैगरी गाउँपालिकाले स्थानीय आवश्यकताका आधारमा आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधारका विकासमा केन्द्र सरकार, प्रदेश सरकारबाट प्राप्त स्रोतहरु र आन्तरिक स्रोत तथा साधनहरु परिचालन गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्दै जनतालाई स्थानीय सरकार भएको अनुभूति दिलाउने खालका कार्यक्रम सञ्चालन गरिने समेत अध्यक्ष राईद्वारा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ ।

त्यस्तै उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले १५ औं गाउँसभामाको पहिलो बैठकमा आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तुत गरेकी थिइन् । उपाध्यक्ष न्यौपानेले ७१ करोड ८३ लाख ८४ हजार रुपैयाँको अनुमानित आयव्यय प्रस्तुत गरिन् ।

## प्रहरी ...

नेम्बाङ झापाको बिर्तामोड नगरपालिका वडा नम्बर ४ शिवनगर टोल निवासी विष्णुकुमारी बिष्ट हत्या प्रकरणमा अनुसन्धानमा संलग्न प्रहरी अधिकृत हुन् ।

६७ वर्षीया बिष्टको हत्यामा संलग्न ६ जनालाई नेम्बाङ कुशलतापूर्वक अनुसन्धान गरी पक्राउ गर्न सफल भएको भन्दै उनलाई उत्कृष्ट प्रहरी घोषित गरिएको हो ।

नेम्बाङ नेतृत्वको टोलीले सिआइबी, जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय अनारमनीसँगको समन्वयमा बिष्टको हत्या भएको तीन हप्तापछि सम्लग्नलाई पक्राउ गरेको थियो ।

गहिरो अनुसन्धानपश्चात बिष्टको हत्या सम्लग्न भएको आरोपमा प्रहरीले बिर्तामोड -४ का २१ वर्षीय गंगाप्रसाद राजवंशीसहित ६ जनालाई पक्राउ गरेको थियो ।






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०९८७७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# पूर्वाञ्चल

## सम्पादकीय


### राजनीतिक संरक्षण बन्द गर

**स्थायी सरकार भनिने निजामती सेवाका नायक मानिने मुख्य सचिव नै भ्रष्टाचार मुद्दामा निलम्बनमा परेपछि नेपाल भ्रष्टाचारको दलदलमा भासिएको प्रमाणित भएको छ । त्यसमाथि बहालवाला मुख्य सचिव नै निलम्बनमा पर्नुले अख्तियार प्राप्त व्यक्तिप्रति नै अनास्था बढ्ने गरी सरकारले बर्खास्त गर्नुको साटो पद नै सृजना गरेर राष्ट्रिय योजना आयोगमा पदस्थापना गरी सरुवा गरेपछि जनमानसमा निराशा छाएको छ । मुख्य सचिव बैकुण्ठ अर्यालसहित नेपाल सरकारका उच्च पदस्थ तेह्र जनाबिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।**

**तत्कालीन सञ्चार मन्त्रालयका सचिव अर्यालमाथि ग्रामीण दूरसञ्चार कोषको बजेट खर्च गरेर टेरामक्स प्रणाली खरिद गर्न दिने प्रक्रिया अघि बढाएको आरोप छ । निजामती सेवाको उच्चतम् ओहदामा बसेर राजनीतिक संरक्षण प्राप्त गर्दै अख्तियारको दुरुपयोग गरेको आरोप लागेका अर्याललाई अहिले मदिराको अन्तःशुल्क स्टिकर छपाइमा भ्रष्टाचार गरेको भन्दै अख्तियारले मुद्दा दर्ता गरेको छ । त्यस मुद्दाका कारण निलम्बनमा परेका उनी र सोही अभियोगमा दुई जना सहसचिव, एघार जना अधिकारी र एक ठेकेदार कम्पनीबिरुद्ध उजुरी परेको थियो । उनीहरुबिरुद्ध ३८ करोड ६७ लाख रुपैयाँ बिगो कायम गरी सोही अनुसार जरिवाना र कैद सजाय मागदावी गरिएको छ ।**

**स्टिकर छपाइमा भ्रष्टाचार भएको भन्दै गत वर्षको साउन २८ गते त्यस सम्बन्धी उजुरी परेको थियो । उनीबिरुद्ध वास्तविकता लागतभन्दा पाँच गुणा बढी लाग्ने गरी स्टिकर छपाइको स्वीकृति दिएको आरोप छ । वास्तविकता त अनुसन्धानपछि खुल्ला तर निजामती संयन्त्रको खम्बा मानिने मुख्य सचिव माथि नै यस्तो आरोप लागेपछि समग्र कर्मचारीप्रति नकारात्मक धारणा बनिने आशंका उब्जिएको छ । सम्पूर्ण कर्मचारीको मानमर्दन भएको छ र निष्कलंकहरुको भावनामा चोट लागेको छ । त्यसो त हिजोआज उच्च पदस्थ व्यक्तिहरुको छनोट प्रक्रिया नै बेठीक छ । दलीय आबद्धताको आधारमा बढुवा, सरुवा र पुरस्कार प्राप्त गर्ने प्रणाली नै कुशासनको कारक हो । तसर्थ, राजनीतिक दल नै सच्चिनुको विकल्प छैन । अन्यथा भ्रष्टाचारको यो दलदलबाट मुलुकलाई बाहिर ल्याउन सकिने छैन । जुन आमनेपालीका लागि समेत दुर्भाग्यपूर्ण हुनेछ र देशको प्रतिष्ठा मै आघात पुग्ने निश्चित छ ।**

# बजेट कार्यान्वयनका जटिलता



कृष्णमणि पराजुली

आर्थिक वर्ष २०८१/०८२ का लागि १८ खर्ब ६० अर्ब ३० करोडको बजेट व्यवस्थापिका संसद्को संयुक्त सदनमा पेस भइसकेको छ। अहिले बजेटबारे विभिन्न टीका-टिप्पणी पनि आई नै रहेका छन्। यो स्वाभाविक पनि हो किनभने बजेट कस्तो आयो, कति आयो र बजेटले कस्ता-कस्ता आयोजना तथा कार्यक्रम समेटेको छ भन्ने सन्दर्भमा सर्वसाधारणमा चासो जोडिएको हुन्छ। यसकारण बजेट साधारण दस्तावेज मात्र नभएर जनजीविकासँग सरोकार राख्ने भएकाले सबैका लागि महत्वपूर्ण हुने गर्छ।

बजेट तर्जुमाको अवस्थामा जुनसुकै अर्थमन्त्रीलाई पनि दबाब परेकै हुन्छ। अर्थमन्त्रीसँग सीमित वित्तीय साधनस्रोत हुन्छ, तर बजेटले धेरै क्षेत्र समेट्नुपर्ने भएकाले बजेटको सन्तुलन मिलाउन निकै कठिन हुने गर्छ। आव २०८१/०८२ को बजेट तर्जुमा गर्दा पनि अर्थमन्त्रीलाई सकस भएको सार्वजनिक भएको थियो। सुझबुझका साथ आएको सानो आकारको १८ खर्ब ६० अर्बको बजेट आर्थिक अनुशासनभित्रै रहेको देखिन्छ। बजेट सानो ठूलोभन्दा पनि कार्यान्वयन पक्ष प्रभावकारी हुनु पर्छ।

बजेटको संरचना हेर्दा यसलाई नराम्रो भन्न सकिँदैन। वित्तीय साधनस्रोतको अभाव हुँदाहुँदै पनि बजेट सन्तुलित देखिन्छ। सीमित साधनले भ्याउने गरी बजेट आएको यथार्थतालाई बुझ्नु पर्छ। असीमित आवश्यकतालाई कुनै न कुनै रूपमा अर्थमन्त्रीले सम्बोधन गर्नैपर्छ। त्यसकारणले गर्दा सरकारले उठाउने राजश्व केही महत्वाकांक्षी देखिए पनि अर्थमन्त्रीको आफ्नै बाध्यता रहेका देखिन्छन्।

अहिले देशको अर्थतन्त्र शिथिल हुँदै गएको अवस्थामा १२ खर्ब ६० अर्बको राजश्व उठ्न सक्छ भन्ने कुरामा शङ्का गर्न नसकिने होइन। बुझ्नपर्ने कुरा के छ भने बजेटको भरपर्दो आम्दानीको स्रोत भनेको राजश्व हो र यो राज्यको क्षेत्रभित्रको विषय हो। आन्तरिक व्यवस्थापनमा सुधार गरेर अर्थतन्त्रमा सुधार ल्याउन सकिन्छ। कमजोर अवस्थामा रहेका उद्योगधन्दा कलकारखाना र व्यापार-व्यवसायलाई सहजीकरण तथा सुविधा उपलब्ध गराएर सुधार गर्न सकिन्छ। निजी क्षेत्रलाई चलायमान बनाउन सकियो भने राज्यले १२ खर्ब ६० अर्बको राजश्व उठाउन त्यति कठिन हुने देखिँदैन, तर राज्यको तर्फबाट केही प्रयास नहुने हो भने बजेटले अपेक्षा गरेको राजश्व पनि उठ्न नसक्ने हुन्छ। कुल अर्थतन्त्रको संरचनामा ८० प्रतिशतभन्दा बढी निजी क्षेत्रको योगदान रहेको हुनाले यस क्षेत्रको विकास बिना राष्ट्रिय अर्थतन्त्रमा सुधार आउन सक्दैन।

राजश्वले लक्ष्य भेट्टाउन त्यति सजिलो भने देखिँदैन। किनभने अर्थतन्त्रका अधिकांश सूचक खस्कँदै गएका छन्। अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार देखिँदैमा अर्थतन्त्र ठिक अवस्थामा छ भन्न सकिँदैन। विप्रेषणको कारणले गर्दा अहिले विदेशी मुद्रा सञ्चितिमा राम्रो प्रभाव परेको छ। करिब १४ महिनाको आयात धान्न पुग्ने रकम सञ्चित भएको देखिन्छ। विदेशी मुद्राको सञ्चिति बढ्दैमा पनि अर्थतन्त्रमा सुधार हुने होइन। मुख्य समस्या भनेको त्यसलाई कसरी उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्ने भन्ने नै हो। अहिले कुल विप्रेषणको ६८ प्रतिशत रकम उपभोगमा नै खर्च हुने गर्छ र बाँकी ३२ प्रतिशत मात्र उत्पादनशील क्षेत्रमा प्रवाह भएको तथ्याङ्कले देखाएको छ। विप्रेषणको रकम के-कसरी लगानी भइरहेको छ भन्ने बारेमा भने अध्ययन अनुसन्धान गर्नुपर्ने अवस्था देखिन आउँछ।

राजश्वको लक्ष्य हासिल गर्न अर्थमन्त्रीले राजस्वका दरमा केही परिवर्तन र करको दायरालाई पनि फराकिलो बनाएका छन्। अर्को कुरा राजश्व प्रशासनमा कुनै सुधार नगरी राजश्वको लक्ष्य हासिल गर्न नसकिने देखिएको हुँदा सुधारका कुरा पनि बजेटले सम्बोधन गरेको छ। त्यसकारण सरकारले दृढताका साथ राजश्व क्षेत्रमा सुधार गर्न अघि बढ्ने हो भने राजश्वले लक्ष्य प्राप्त गर्न सक्ने देखिन्छ।



अहिले शासकीय र प्रशासकीय संरचना फराकिलो बन्दै गएको छ। देशमा सात सय ६१ वटा त सरकार नै छन्। तिनीहरूको सञ्चालनमा ठूलो रकमको आवश्यकता भएकै हुन्छ। त्यसरी नै प्रशासकीय संरचना पनि बढ्दै गएको अवस्था छ। मूलतः यी दुई संरचनाले गर्दा सरकारलाई चालूगत खर्च चलाउन पनि धेरै बजेटको आवश्यकता पर्छ। यी यस्ता खर्च हुन जुन खर्च नगरी हुँदै हुँदैन। त्यसकारण चालूगत खर्चका लागि छुट्याइएको ११ खर्ब ४० अर्बको बजेटलाई महत्त्वाकांक्षी भन्न सकिँदैन।

सामाजिक सुरक्षा भत्ता लगायत अन्य भत्तामा ठूलो रकम खर्च हुँदै आएको छ, यो अर्थमन्त्रीको बाध्यता हो। अनिवार्य दायित्व हुँदाहुँदै पनि अर्थमन्त्रीले चालूगत खर्च कटौती गर्न प्रयास गरेको सराहनीय नै देखिन्छ। चालूगत खर्च व्यहोर्ने स्रोत भनेको नै आन्तरिक राजश्वबाट हो, अन्य स्रोत होइनन्। त्यस कारण अहिलेको परिस्थितिमा चालूगत खर्चमा विनियोजित बजेट र सो बजेटको खर्च पूर्ति गर्न लक्ष्य निर्धारण गरिएको १२ खर्ब ६० अर्बको राजश्व महत्वाकांक्षी भन्न सकिँदैन, यो पनि अर्थमन्त्रीको बाध्यता हो।

१२ खर्ब ६० अर्बको राजश्वले ११ खर्ब ४० अर्बको चालूगत खर्च परिचालन गर्नुपर्ने हुन आउँछ। बाँकी हुन आउने एक खर्ब २० अर्ब पुँजीगत खर्चमा योगदान गर्ने देखिए पनि साधारण खर्च बढ्न जान सक्ने हुन्छ। यो अवस्थामा पुँजीगत बजेट तीन खर्ब ५२ अर्ब मात्र विनियोजन गर्नु पनि अर्थमन्त्रीको बाध्यता नै देखिन्छ। चालूगत खर्च घटाउन नसकिने अवस्थामा अर्थमन्त्रीले चालूगत खर्च बढाए भनेर आलोचना गर्नु पनि मनासिव देखिँदैन। चालू खर्चमा दबाब बढ्न गएकाले पुँजीगत बजेट तीन खर्ब ५२ अर्बमा सीमित गर्नु परेको अवस्था देखिन्छ।

निश्चय नै अर्थमन्त्रीले चालूगत खर्च कम गर्न सकेको भए पुँजीगत खर्चको योगदान बढी हुन्थ्यो र विकास निर्माण कार्यमा लगानी प्रवाह भएर उत्पादन र उत्पादकत्वमा वृद्धि हुने थियो। वित्तीय साधनस्रोतको सीमितताले गर्दा जनताका आवश्यकता पूरा हुन नसक्ने नै देखिन्छन्। पुँजीगत खर्च बढाउन सकेको भए राम्रो हुने थियो। पुँजीगततर्फ छुट्याइएको तीन खर्ब ५२ अर्बको सानो आकारको बजेटले अर्थतन्त्रमा अपेक्षित सुधार ल्याउने कुरामा भने शङ्का गर्ने ठाउँ रहेको छ।

पुँजीगत खर्चमा योगदान गर्ने अर्को स्रोत भनेको ऋण हो। आव २०८१/०८२ सम्मको कुल ऋण २४ खर्बको हाराहारीमा पुगेको छ। आव २०८१/०८२ मा विनियोजित गरिएको आन्तरिक ऋण तीन खर्ब ३० अर्ब र विदेशी ऋण दुई खर्ब १७ अर्ब ६७ करोड गरी जम्मा ऋण पाँच खर्ब ४७ अर्ब ६७ करोड समावेश गर्दा कुल राज्यले तिर्नुपर्ने ऋण करिब ३० खर्ब पुग्ने देखिन्छ। यो ऋणको साँवा ब्याज भुक्तानी अनिवार्य रूपमा गर्नुपर्ने भएकाले तीन खर्ब ६७ अर्ब वित्तीय व्यवस्थापनतर्फ छुट्याउनु पर्ने अर्थमन्त्रीको बाध्यता नै हुन आउँछ।

तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने भनिएको छ। यो ऋण पनि अनुशासनभित्रै रहेको देखिन्छ किनभने कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत ऋण लिन सकिने भएकाले सीमाभित्रै रहेको छ। अहिले कुल गार्हस्थ उत्पादन ६७ खर्ब पुग्ने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको छ। अन्तर्राष्ट्रिय मान्यता अनुसार कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतसम्मको ऋणलाई स्वीकार गरिएको पाइन्छ। अहिले हाम्रो कुल ऋण ३० खर्बभन्दा माथि गएको छैन। कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा ४६ प्रतिशतको हाराहारीमा छ। त्यस कारण देश ऋणमा गलपासो पर्‍यो भन्न सकिँदैन। मुख्य समस्या भनेको यसको प्रयोग कसरी हुन्छ भन्ने नै हो। अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्दा कुल गार्हस्थ उत्पादनको ८० प्रतिशतभन्दा बढी ऋण लिएर विकास गरेका पनि छन्। त्यस कारण ऋण लिँदैमा आत्तिनु पर्दैन।

नेपाल जस्तो अति कम विकसित मुलुकले ल्याउने भनेको घाटाको बजेट नै हो। शङ्का के गर्न सकिन्छ भने करिब १२ खर्बको आम्दानीले कसरी १८ खर्बको खर्चलाई सम्बोधन गर्न सक्छ भन्ने कुरा पनि आइरहेको छ। पाँच-छ खर्बको घाटाको बजेट नल्याई सुखै थिएन अर्थमन्त्रीलाई। किनभने चालूगत खर्च घटाउनै सकिँदैन। यसका लागि भने पनि राजश्वको लक्ष्य १२ खर्ब ६० अर्ब राख्नु बाध्यता नै देखिन्छ। बजेट राम्रोसँग कार्यान्वयन गर्न सकियो भने अल्पविकसित देशहरूका लागि घाटाको बजेट उपयुक्त हुने गर्छ किनभने उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्दा अतिरिक्त लाभ लिन सकिने हुन्छ। प्रभावकारी किसिमले यही १८ खर्बको बजेट कार्यान्वयन गर्न सकियो भने छ प्रतिशतको आर्थिक वृद्धि र ५.५ प्रतिशतको सीमाभित्र मूल्यवृद्धि नियन्त्रण गर्न सकिने देखिन्छ।

मुख्य समस्या भनेको बजेट कार्यान्वयनमा हो। कार्यान्वयन प्रभावकारी किसिमले हुन सक्यो भने सानो आकारको बजेटबाट पनि धेरै फाइदा लिन सकिने हुन्छ। बजेट ठूलो आकारको बनाउने र खर्च गर्न नसक्ने हो भने त्यस्तो बजेटले अर्थतन्त्रमा खासै योगदान पुऱ्याउन सक्दैन। विगत वर्षको बजेट अध्ययन गर्दा त्यस्तै भएको देखिन्छ। आव २०८०/०८१ को लागि पुँजीगततर्फ तीन खर्ब पाँच अर्बको बजेट विनियोजन भएकोमा आव सकिँदै लाग्दा पनि ४३.३ प्रतिशत मात्र खर्च भएको छ। एकातिर बजेट खर्च हुन सकेको छैन भने सार्वजनिक निर्माण कार्यको भुक्तानी नभएको भनी निर्माण व्यवसायीको गुनासो आएको छ। यस्ता विषय तर्फ बजेटको ध्यान जान सक्यो भने अर्थतन्त्र चलायमान हुन सक्छ।

अब आउने समस्या भनेको पनि पुँजीगत बजेट खर्च गर्न नसक्नु नै हो। खर्च बढाउन आवको सुरुवातदेखि नै कर्मचारीको उचित व्यवस्थापन, प्रशिक्षण आर्थिक ऐन नियममा संशोधन, जग्गा प्राप्ति, रुख कटान, शोध भर्ना, विभिन्न तहका सरकारबिच समन्वय जस्ता सामान्य समस्या समाधान हुन नसकेको कारणबाट पनि विकास निर्माण कार्यले गति लिन सकिरहेको छैन। यस्ता कुरामा ध्यान दिएर अर्थतन्त्रलाई चलायमान बनाउन सकिने हुन्छ। त्यस कारण बजेट कार्यान्वयन गर्न त्यति कठिन छैन, तर सवाल छ प्रतिबद्धताको। *गोप*

# खानेपानी सुविधाले ल्याएको खुशी

इलामको माङसेबुङ गाउँपालिका-६ की कमलकुमारी राईले एक ग्रागी पानी भर्न घण्टौं कुर्नुपर्थ्यो। उहाँले मात्रै होइन, माङसेबुङ गाउँपालिका-६ का बासिन्दाले वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका थिए। अहिले भने खानेपानीको समस्या छैन। प्रदेश सरकारको लगानीमा माङसेबुङ बृहत् खानेपानी आयोजना निर्माण भएपछि आफूहरु उत्साहित भएको कमलकुमारी राईले बताइन्। फाकफोकथुम गाउँपालिका-७ एकतप्पाका सुमन दियाली वर्षायाममा बाढी आउँदा धमिलो पानी पिउन बाध्य हुनुपरेको तीतो विगत सम्झन चाहन्नन्। अहिले घरघरमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याइदिएको प्रदेश सरकारप्रति उनी आभारी छिन्। खानेपानी आयोजनाले स्थानीयको दैनिकीमा नै सहज बनाइदिएको छ।

कोशी प्रदेश सरकारले चालू आर्थिक वर्षमा इलाममा मात्र खानेपानीमा रु. ११ करोड ८० लाख ४० हजार लगानी गरेको छ। प्रदेश सरकारले खानेपानी तथा सरसफाई डिभिजन कार्यालय झापा मार्फत इलाममा एक सय ३० वटा साना-ठूला खानेपानी आयोजना सञ्चालन भइरहेको डिभिजन प्रमुख विकास काफ्लेले जानकारी दिए। कार्यालयका अनुसार ५७ वटा नयाँ योजना शुरु भएका छन् भने ७५ वटा पुराना योजनालाई मर्मतसम्भार तथा पुनःनिर्माण गरिएका छन्। यस वर्ष प्रदेश सरकारले रु. चार करोड ७० लाखको लागतमा ५७ वटा नयाँ योजना अघि बढाएको छ भने रु. सात करोड १० लाख ४० हजारको लागतमा ७५ वटा पुराना योजना मर्मतसम्भार तथा पुनःनिर्माण गरिरहेको छ।

डिभिजन प्रमुख काफ्लेका अनुसार प्रदेश सरकारको लगानीमा चालू रहेका आयोजना सम्पन्न भएपछि इलामको २१ हजार एक सय ७५ परिवारका एक लाख पाँच हजार आठ सय ५५ जना जनतामा स्वच्छ खानेपानीको पहुँच पुग्नेछ। यसमध्ये नयाँ योजनाबाट छ हजार २८ घरधुरीका ३० हजार एक सय ४० जना र पुराना योजनाबाट १५ हजार एक सय ४७ घरधुरीका ७५ हजार सात सय १५ जना इलामबासी जनतामा स्वच्छ खानेपानीको पहुँच पुग्ने डिभिजन कार्यालयले जनाएको छ। जिल्लाका शतप्रतिशत जनतामा खानेपानी पुऱ्याउने गरी काम भइरहेको बताइएको छ।

प्रदेश सरकारले एकै वर्षमा खानेपानी आयोजनामा करोडौंको लगानी गरेपछि इलामबासी हर्षित भएका छन्। प्रदेश सरकारले खानेपानी आयोजनाको क्षेत्रमा गरेको लगानीले वास्तविक सङ्घीयताको आभास दिलाएको माङसेबुङ गाउँपालिका-२ इभाङका सामाजिक अभियन्ता डम्बर लोरिन्देनको बुझाइ छ।

माङसेबुङ गाउँपालिका-२ इभाङका सुमन खनाल प्रदेश सरकारले पछिल्लो समयमा खानेपानीको क्षेत्रमा गरेको लगानीले जिल्लावासी नागरिकलाई आशावादी बनाएको बताउँछन्। प्रदेश सरकारले पाँच लाखदेखि रु. ३३ लाख ८० हजारसम्मका खानेपानी योजना सञ्चालन गरेको छ। ती मध्ये ६४ वटा योजना पाँच लाखका र ६६ वटा योजना पाँच लाखदेखि रु. ३३ लाख ८० हजारसम्मको लगानीका छन्। प्रदेश सरकारले रोङ गाउँपालिका-२ बदामटारस्थित बदमटार खानेपानी योजनाबाट (सलकपुर खानेपानी योजना) दुई सय घरका एक हजारजना प्रत्यक्ष लाभान्वित हुँदैछन्। चुलाचुली गाउँपालिकास्थित शिखरकटेरी खानेपानी योजना, माई नगरपालिका-५ स्थित बगैँचे डङडङे खानेपानी योजना र इलाम नगरपालिकास्थित माईखोला खानेपानी तथा सरसफाई योजनालाई पनि अगाडि बढाएको छ।

प्रदेश सरकारले इलाममा रु. २० लाखका नौ योजना सञ्चालन गरेको छ। जिल्लाको सन्दकपुर गाउँपालिकास्थित माईपोखरी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित फिक्कल कन्याम खानेपानी आयोजना र खानीखोला सिम्ले सहकाले टोल खानेपानी आयोजना, माङसेबुङ गाउँपालिका स्थित खलङ्गे खानेपानी निर्माण उत्तरे माल्टेनी मुहान र भुतेखोला खानेपानी



आयोजना, रोङ गाउँपालिकास्थित अम्बके बहुवन खानेपानी आयोजना, इलाम नगरपालिकास्थित अँधेरी नारायणचोक छौडे सतुवाबैँसी खानेपानी योजना, माई नगरपालिकास्थित पाल्टार खानेपानी (भूमिगत) आयोजना र राँगापानी खानेपानी आयोजनालाई रु. २०/२० लाख लगानी गरेको छ।

त्यसैगरी माङसेबङ गाउँपालिकास्थित चित्रेखोला लिफ्टिङ खानेपानी निर्माणमा रु. १७ लाख ५० हजार र रोङ गाउँपालिकास्थित सिद्धि सलकपुर खानेपानी आयोजनामा रु. १७ लाख विनियोजन भई काम भइरहेका छन्। माईजोगमाई गाउँपालिकास्थित नयाँ बजार बृहत् खानेपानी आयोजना, रातेखोला खानेपानी आयोजना र गङ्गडाँडा खानेपानी आयोजना, माई नगरपालिकास्थित रातमाटे खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित राई टोल र सिरानतला दुईवटा क्षेत्रमा खानेपानी आयोजना, माई नगरपालिकास्थित आरुपानी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित टुनीगौरी डाँडागाउँ खानेपानी आयोजना र सन्दकपुर गाउँपालिकास्थित भैरमबारी खानेपानी आयोजनाको पनि काम भइरहेको छ। त्यस्तै, रोङ गाउँपालिकास्थित टिमाई खोला छावा खोल्सी खानेपानी आयोजना, इलाम नगरपालिकास्थित माईखोला खानेपानी आयोजना, बरबोटे खानेपानी आयोजना र चुलाचुली गाउँपालिकास्थित सार्कीटार सुपारीबोटे र सिम्बले तीन वटै क्षेत्रमा खानेपानी आयोजना अन्तिम चरणमा पुगेको डिभिजन कार्यालयले जनाएको छ।

भुतेखोला खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित कमेरे जरिङ्गे खाम्बाङ तल्लोबोहोरे गाउँ खानेपानी आयोजना, बुलुङखोला धावा खानेपानी आयोजना र चुलाचुली गाउँपालिकास्थित खावान खोला बृहत् खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित सिद्धिगाउँ तथा श्रीअन्तु खानेपानी आयोजना र जोगीधारा खानेपानी आयोजना, माई नगरपालिकास्थित आङबु बर्दुवा खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित सुलसुले खानेपानी आयोजनाको लागि पनि बजेट विनियोजन गरिएको छ।

त्यस्तै, इलाम नगरपालिकास्थित सुन्दरबैँसी र लेबक खानेपानी आयोजना र खर्बन खानेपानी आयोजना निर्माण भइरहेको छ। नगरपालिकास्थित बरबोटे खानेपानी योजना, देवीथान मुहान भञ्ज्याङ न्युरेनी खानेपानी आयोजना, सुम्बेक चोक खानेपानी आयोजना, मलातेनी (सुलुबुङ सन्दकपुर) खानेपानी आयोजना र माईखोला नर्कटे खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित तोरीबारी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित भित्री लिफ्टिङ खानेपानी आयोजना र छिपछिपे खानेपानी आयोजना, फाकफोकथुम गाउँपालिकास्थित खत्रीगाउँ खानेपानी आयोजना, माईजोगमाई गाउँपालिकास्थित पधेँरी खानेपानी आयोजना र माई नगरपालिकास्थित कालीखोला खानेपानी आयोजना अघि बढाइएको छ।

इलाम नगरपालिकास्थित तल्लो गोदक खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित पशुपतिनगर खानेपानी आयोजना र देउमाई नगरपालिकास्थित मगरगाउँ खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित साक्फारा खानेपानी आयोजना, माईजोगमाई गाउँपालिकास्थित तुम्लिङ गुराँसे खानापानी आयोजना एवं माङसेबुङ गाउँपालिकास्थित माङसेबुङ खानेपानी आयोजना, सङलुमङ्लु साँगुरी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित तारगाउँ बोरिङ खानेपानी आयोजना, देउमाई नगरपालिकास्थित माथिल्लो डाँडा चाँपगैरी अजम्बरे चुली सिद्धिथुम्का खानेपानी आयोजना र रोङ गाउँपालिकास्थित गोरेनी खोल्सा खानेपानी आयोजना मर्मतसम्भार तथा पुनःनिर्माणको पनि काम भइरहेको छ।

त्यसैगरी, सूर्योदय नगरपालिकास्थित पशुपतिनगर बजार रुङसुङ्ग बृहत् खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित सिस्ने बाघखोर कोल्बुङ खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित एकतप्पा खानेपानी आयोजनामा रु सात/सात लाख, सूर्योदय नगरपालिकास्थित पाख्रिनगाउँ खानेपानी आयोजना, धर्जे मकरजुङ खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित गोयाङखोला-भुत्तेखोला-एकराते खानेपानी आयोजना र माईजोगमाई गाउँपालिकास्थित प्रेमेजोङ बृहत् खानेपानी आयोजनाको मर्मतसम्भार भइरहेको छ।

प्रदेश सरकारले इलामका विभिन्न पालिकामा ६४ वटा खानेपानी आयोजनामा रु. पाँच लाखका दरले रकम विनियोजन गरी नयाँ निर्माण तथा मर्मतसम्भारको काम तीव्र बनाएको डिभिजन कार्यालयले जनाएको छ। ती मध्ये ३७ वटा खानेपानी आयोजनाहरु नयाँ निर्माण र २७ वटा पुराना खानेपानी आयोजनाको मर्मतसम्भार भएको डिभिजन कार्यालयले जनाएको छ। ती मध्ये कतिपयको सम्पन्न भइसकेका छन्भने कतिपय अन्तिम चरणमा पुगेको डिभिजन कार्यालय प्रमुख काफ्लेले बताए।



ड्रम-सिडर यन्त्रबाट रोपाइँ : सुनसरीको इनरुवा–९ मा आइ तबार ड्रम–सिडर यन्त्रबाट धानको बीऊ छर्दै किसान। हिलाम्ये खेतमा यनत्रबाट धान छरेर गरिने यो विधिले श्रम र लागतको बचत हुने किसानको अनुभव छ। बीऊ राख्न र रोपाइँ गर्नु नपर्ने भएपछि यो प्रविधिमा किसानका लागि आकर्षण बढ्दो छ। *तस्वीर : रासस*

# भद्रपुर नपाको बजेट ९९ करोड

**भद्रपुर, असार १०।** भद्रपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमका लागि ९९ करोड दुई लाख १९ हजार रुपैयाँ बराबरको अनुमानित बजेट ल्याएको छ।

भद्रपुर नगरपालिकाको १४औं नगर सभाले स्वीकृत गरेको नीति तथा कार्यक्रममा नगर उपप्रमुख राधा कार्कीले चालू आर्थिक वर्षकै हाराहारीको बजेट प्रस्तुत गरेकी छिन्। चालू आर्थिक २०८०/०८१ मा वर्षमा ९८ करोड ३१ लाख ४६ हजार बजेट रहेकोमा आगामी आर्थिक वर्ष सात लाख ७३ हजार बढाएर अनुमानित बजेट ल्याएको हो।

आगामी अनुमानित बजेटमा आर्थिक विकासतर्फ चार करोड ९० लाख ३३ हजार, सामाजिक विकासतर्फ ३७ करोड ७४ लाख ४६ हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ दुई करोड ५५ लाख, संस्थागत विकास/सेवा प्रवाह/सूचना प्रविधि विकास तथा कार्यालय सञ्चालनतर्फ १४ करोड ४७ लाख र पूर्वाधार विकासतर्फ ३९ करोड ३५ लाख ५४ हजार गरी ९९ करोड दुई लाख १९



हजार रुपैयाँ बराबरको अनुमानित बजेट नगर उपप्रमुख कार्कीले प्रस्तुत गरेकी छिन्।

अनुमानित बजेट खर्च व्यहोर्ने स्रोतमध्ये नगरपालिकाको आन्तरिक आय सात करोड, राजस्व बाँडफाँडतर्फ सङ्घबाट १३ करोड १९ लाख, प्रदेशबाट ८५ लाख, स्थानीयबाट तीन करोड ७५ लाख गरी राजस्व बाँडफाँडबाट जम्मा १७ करोड ७९ लाख, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट १८ करोड ९४ लाख, शसर्त अनुदान चालुबाट २९ करोड ४९ लाख ५५ हजार, सशर्त अनुदान पुँजीगतबाट चार करोड ७६ लाख ६० हजार, समपूरक अनुदानबाट दुई करोड १० लाख, विशेष अनुदानबाट तीन करोड गरी वित्तीय हस्तान्तरणबाट प्राप्त जम्मा ५८ करोड ३० लाख १५ हजार रहेको उनले बताइन्।

त्यस्तै नगर प्रमुख गणेश पोखरेलले शिक्षा, खेलकुद, कृषि, रोजगार प्रवर्द्धन, पर्यटन, पूर्वाधार विकासलाई लक्षित गरी आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

# अनियन्त्रित उत्खनन्को छानविन गर्न माग

**बिर्तामोड, असार १०।** मेचीनगरमा क्रियाशील पाँच राजनीतिक दलले नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन्बारे सर्वदलीय छानविन समिति गठन गरी सत्यतथ्य बाहिर ल्याउन नगरपालिकासँग माग गरेको छ।

नेपाली कांग्रेसका सुवेशकुमार पनेरु, जनता समाजवादी पार्टीका ओमप्रकाश खापुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका विशालकृष्ण बाँस्तोला, राष्ट्रिय स्वतन्त्र पार्टीका भिमबहादुर कुँवर, नेकपा एकीकृत समाजवादीका हरि तिम्सिनाले संयुक्त विज्ञप्ति सार्वजनिक गर्दै यस्तो माग गरेका हुन्।

विज्ञप्तिमा अनियन्त्रित उत्खनन्कै कारण बनेको खाल्डोमा जम्मा भएको पानीमा डुबेर मेचीनगर-३ निवासी शिक्षक धनराज भण्डारीको दुःखद् निधन भएको दाबी गर्दै अनियन्त्रित उत्खनन्को छानविनका लागि सर्वदलीय समिति गठन गरी सत्यतथ्य बाहिर ल्याएर दोषीउपर कडा कारवाही गर्न माग गरिएको छ। भण्डारीको पौडी खेल्ने क्रममा



स्थानीय निन्दा खोलामा डुबेर लगभग दुई महिनाअघि निधन भएको थियो। अनियन्त्रित उत्खनन्ले नगरपालिकाको राजश्व समेत अपचलन भएको ठहर विज्ञप्तिमा गरिएको छ।

मेचीनगर नगरपालिका- ४ नम्बर वडा अध्यक्षले स्थानीय एक सञ्चारमाध्यम मार्फत नगरपालिकाका सामाजिक विकास अधिकृत माथि भ्रष्टाचारीको गम्भीर आरोप लगाएको घटनाको सत्यतत्थ सार्वजनिक गर्न समेत विज्ञप्तिमा माग गरिएको छ। यस घटनामा नगरपालिका मौन रहेकोप्रति प्रश्न गर्दै विज्ञप्तिमा 'निर्दोष नपरोस्, दोषी नउम्कियोस्' भन्दै नगरबासी समक्ष सत्यतथ्य सार्वजनिक गर्न माग गरिएको छ।

'विगतमा पनि मेनपा कार्यालय परिसरभित्रै सेवाग्राही माथि हातपात हुनु, प्रभावकारी अनुगमन नभएका कारण विद्यालयको सेफ्टीटेंकीमा डुबेर विद्यार्थीको मृत्यु हुनु, अखाद्य वस्तुको उपभोग गर्न नगरबासीहरु बाध्य हुनु, नगरपालिका कार्यकक्षभित्रै कर्मचारी माथि हातपात हुनु जस्ता गलत काम कारवाहीबाट नगरबासी तथा नगरपालिकाबीच अविश्वास र त्रासको वातावरण सिर्जना भएको हुँदा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ'- विज्ञप्तिमा भनिएको छ- 'यसअघि भएका छानविन समितिबाट आएको रिपोर्ट समेत सार्वजनिक गरियोस।'

नगरपालिकाले विगतमा थालनी गरेका गौरवका योजनाहरु ओझेलमा परेको भन्दै विज्ञप्तिमा योजना सञ्चालन बजेट ब्यवस्थापन गर्न नगरपालिकाको ध्यानाकर्षण गराइएको छ। विगतमा मेचीनगरका राजनीतिक दलहरुले विभिन्न बिषयमा दिएको ध्यानाकर्षण पत्र र विज्ञप्तिमा गरिएका मागबारे कुनै सुनुवाई नभएको भन्दै विज्ञप्तिमा सो विषयलाई सम्बोधन गर्न र सार्वजनिक गर्न माग गरिएको छ।

नगरपालिकाबाट भइरहेका गलत कामका कारण नगरबासीहरु नै जोखिममा परिरहने, जनप्रतिनिधि र कर्मचारीबीचको अन्तरद्वन्द्व, खिचातानी र हैकमबादका कारण नगरको प्रशासनिक गतिविधिमा समेत नकारात्मक असर परेकोप्रति गम्भिर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ।

# सिपमूलक तालिम सम्पन्न



**बिर्तामोड, असार १०।** बिर्तामोड नगरपालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत आयोजना गरेको विभिन्न सिपमूलक तालिम सम्पन्न भएको छ।

मेघा कम्लेक्सस्थित ग्लोबल लुक्सको हलमा आयोजित कार्यक्रममा ब्युटी पार्लर, ढाका बुनाई र सिलाई-कटाई तालिमको समापन गरिएको हो।

तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई नगर प्रमुख पवित्रा महतारा प्रसाईले प्रमाणपत्र हस्तान्तरण गरिन्। तालिम वडा नम्बर ५ का विभिन्न क्षेत्रमा दुई महिनासम्म सञ्चालन भएको थियो। तालिममा ब्युटीपार्लरतर्फ १५ जना, ढाका बुनाईमा छ जना र सिलाई कटाईमा पनि छ जनाको सहभागिता रहेको थियो। ब्युटीपार्लरमा रश्मी रसाइली र संगीता रसाईली, ढाकामा मंगलमाया केरुङ, सिलाई-कटाईमा शर्मिला अधिकारीले प्रशिक्षण दिएका थिए।

कार्यक्रममा नगर प्रमुख महतारा प्रसाईले सिपलाई उत्पादनसँग जोडेर रोजगारी सृजना गर्न सबैलाई आग्रह गरिन्। सिपलाई व्यवसायिक बनाएर उद्योग स्थापना गरी अन्यलाई पनि रोजगारी दिनुपर्नेमा उनको जोड थियो।

त्यस्तै नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले सिप सिकेपछि यसलाई सदुपयोग गर्नुपर्ने बताए। स्वरोजगार बनाउने यो तालिम प्रभावकारी रहेको उनले चर्चा गरे।

कार्यक्रममा वडा नम्बर ५ का वडाध्यक्ष रोहित प्रसाईले सिकेको सिपलाई स्वदेशमै सदुपयोग गर्न आग्रह गरे। लगानी र मेहनत गरे यहीँ प्रतिफल प्राप्त हुने उनको धारणा थियो। कार्यक्रममा कार्यपालिका सदस्य निर्मला गजमेर लगायतको उपस्थिति थियो।

नगर प्रमुख प्रसाईले तीन वटै विधाका प्रशिक्षकहरुलाई प्रशंसा पत्र प्रदान गरिन्। नगरपालिकाले ढाका बुनाईमा सहभागी प्रशिक्षार्थीहरुको लागि लागत साझेदारीमा प्रविधि समेत प्रदान गरिने लघुउद्यम विकास कार्यक्रमकी सहजकर्ता चनिमाया तामाङले जानकारी दिइन्।

# डेंगु फैलने जोखिम बढी

**झापा, असार १०।** यो वर्ष सरदरभन्दा बढी डेंगु संक्रमण फैलन सक्ने हुँदा सतर्कता अपनाउन आग्रह गरिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विगतमा भन्दा यो वर्ष बढी वर्षा हुने प्रक्षेपण रहेसँगै डेंगु संक्रमण पनि अघिल्ला वर्षहरूमा भन्दा धेरै बढ्ने हुँदा बेलैमा सबै जनाले सतर्कता अपनाउनु अनुरोध गरेको हो।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार नेपालमा यो वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन भएको हुँदा मनसुनसँगै लामखुट्टेको प्रजननका लागि अनुकूल अवस्था बन्न सक्ने र संक्रमितको संख्या बढ्ने देखिने उनले बताए।

उनले आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्यालढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, झुल प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउने जस्ता कुरामा ध्यान दिनुपर्ने बताए।

गत छ महिनामा ७२ वटा जिल्लाबाट एक हजार दुई सय ४१ जना डेंगुका विरामी फेला परेको मन्त्रालयले उल्लेख गरेको छ। जसमा यो वर्ष डेंगुको सबैभन्दा बढी प्रभाव बागमती र कोशी प्रदेशमा देखिएको छ।

बागमतीमा प्रदेशमा हाल चार सय २८ जना र कोशी प्रदेशमा २८५ जना डेंगुका विरामी भेटिएका छन्। उनका अनुसार मधेश प्रदेशमा ३४ जना, गण्डकी प्रदेशमा एक सय ८८ जना, लुम्बिनी प्रदेशमा एक सय ४८ जना, कर्णाली प्रदेशमा १८ जना र सुदूरपश्चिममा एक सय ४० जना डेंगुका विरामी रहेका छन्।

जिल्ला अनुसार भने काठमाडौं र झापामा डेंगुका सबैभन्दा बढी विरामी रहेका छन्। काठमाडौंमा एक सय ४१ जना र झापामा एक सय १२ जना विरामी छन्।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६

विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।*
Youtube Channel : Nishat M jotic kendra

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## बिमालेख हरायो

बाह्रदशीबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१/०२/१० गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल (एलआइसी)को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- आदर्भ भट्टराई
**ठेगाना**:- बाह्रदशी–३, झापा
**पोलेसी नं.**:- ६०००१२८८५
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल (एलआइसी)
**सम्पर्क**: ९८२५९१२११४

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनेछ, मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार-व्यवसायमा लाभ प्राप्त हुनेछ, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, धैर्य गर्नुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** तपाईको आजको दिन मध्यम रहेको छ, साथीभाइसँग भेटघाटले रमाइलो हुनेछ, मन्ध्यान्हपछि अशुभ खबर आउनाले मन खिन्न रहने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुनाले उत्साह बढ्ने योग रहेको छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्नाले मन हर्षित रहला।